☎ : ०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्या : २०८१/८२
चलानी नं.:

## व्यावसायिक तालिम संचालनका लागि सुचिकृत हुन आउने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०५ गते

सूर्यविनायक नगरपालिकामा सीप विकास तालिमका लागि फर्म सूचिकृत गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी तालिम संचालन गर्नुपर्ने भएकोले निम्नानुसारको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा सुचिकृत हुन आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै आफुले गर्ने काम तथा उपलब्ध गराउने सेवा सम्बन्धि स्पेसिफिक कुराहरु अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुहुन समेत जानकारी गराइन्छ । रित नपुगी र म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही हुने छैन । छोटो सूचीमा परेका फर्महरूलाई मात्र विस्तृत प्रस्तावका लागि अनुरोध गरिनेछ।

भक्तपुर जिल्लामा दर्ता भइ सम्बन्धित क्षेत्रमा अनुभवी सेवा प्रदायकहरूलाइ विषेस प्रथमिकता दिइनेछ ।

नोटः थप जानकारीको लागि यस नगरपालिकाको प्रधानमन्त्री रोजगार शाखामा सम्पर्क गर्न सकिनेछ ।

**सुचिकृत हुन आवश्यक पर्ने कागजातहरुः**

१. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. आयकरदर्ता / मु.अ. कर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. आ.व ०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. CTEVT सँग सम्बन्धित छोटो सूची तालिम प्रदायकको रूपमा नवीकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि
६. कम्तीमा ३ वर्षको प्रमाणित अनुभवको ट्र्याक रेकर्डसहित सम्बन्धित क्षेत्रमा प्रस्तावित कम्तीमा एक शिर्षकमा न्यूनतम ३९० घण्टाको व्यावसायिक तालिम कार्यक्रम संचालन गरेको अनुभवको प्रमाणको प्रतिलिपि।
७. पछिल्ला ७ आर्थिक वर्षमध्ये उत्कृष्ट ३ आर्थिक वर्षमा वार्षिक कारोबार कम्तीमा २० लाख रुपैयाँ भएको प्रमाणको प्रतिलिपि ।
८. सुचिकृत दस्तुर रु ५००।- वापतको रकम यस सूर्यविनायक नगरपालिकाको NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको आन्तरिक राजश्व खाता नः ग-१-१- ००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर ।

**प्रमुख प्रशासकीय अधिकृत**